# सञ्चारिका लेखमाला

# Sancharika Feature Service

वर्ष १० | अंक २ | मासिक | फागुन/चैत्र | February 2007



- *अदालतका दुहुना गाईहरू* — बिनु पोखरेल
  **न्याय सम्पादनमा ढिलाइ**
- *छुवाछूत कानुनमा हट्यो, व्यवहारमा कायमै* — भावना जोशी
  **सस्तो लोकप्रियताका लागि मात्र होइन छुवाछूत मुक्ति**
- कुपोषणका बाहक कमजोर आमा — इन्दिरा आचार्य
  ***समस्या गरिबीको***
- *समस्या हट्यो, सम्मान बढ्यो* — *लक्ष्मी आचार्य*
  **महिलाले बनाए विद्यालय र खानेपानी आयोजना**
- *गाउँको जीवन बगरमा* — रेखाकुसुम रेग्मी
  **विस्थापित महिलाको बिजोक**
- *संस्कार जोगाउन चार पर्खालभित्र* — पबिता पौडेल
  **मुस्लिम महिलामा अशिक्षा**
- *वादीका छोरीको शिक्षामा पहुँच बढेपछि...* — रूपा गहतराज
  **पृथक धारबाट सङ्घर्ष**





सञ्चारिका समूह/नेपाल

# अदालतका दुहुना गाईहरू

*मुद्दा परेपछि वकिलले पीडितलाई दुहुनो गाई नै ठान्दारहेछन्, फैसला गर्न आँटिको अवस्थाको मेरो मुद्दा ५० पटकभन्दा बढी हटाइसकियो, तर कसैलाई वास्ता छैन, के यस्तो ज्यादतिको क्षतिपूर्ति दिनुपर्दैन ?*

✍ **बिनु पोखरेल**

**पोखरा** / छ वर्षअघिदेखि आफ्नै दाइसँग अंशमुद्दा गरिरहेका कास्कीका वासुदेव भारी अहिलेसम्म अदालत धाइरहेका छन् । ०५७ सालमा कास्की जिल्ला अदालतमा दर्ता भएको अंशमुद्दा भारीको पक्षमा फैसला भए पनि अहिलेसम्म कार्यान्वयन भएको छैन । अदालती ढिलाइप्रति असन्तुष्ट भारी भन्छन्, “यतिका वर्षसम्म पनि मैले न्याय पाउन सकिनँ, जम्मा १२ आना जग्गाको अंश पाउन झण्डै चार लाख रुपैयाँ सकियो । अदालतले मेरो पक्षमा फैसला गरे पनि अहिलेसम्म मैले भोगचलन गर्न पाइनँ, म अन्यायमा परेँ ।” सात वर्षसम्म मुद्दा लड्दा उनले भएको पैसा पनि गुमाउँदै गए । सामाजिक रूपमा उनी झगडिया भनेर चिनिन थाले, प्रतिष्ठा गुम्यो । भारी भन्छन्, “न मेरो इज्जत रह्यो न त न्याय पाएको अनुभूति नै भयो, अब के आशा राख्ने ?”

०६० सालदेखि श्रीमान्सँग अंशमुद्दा गरिरहेकी पोखरा लामाचौरकी शान्ति केसीको हालत पनि यस्तै छ । तीन वर्ष बित्यो, उनको मुद्दाको फैसला भएको छैन । मुद्दा लडेकोमा अब आएर उनलाई पछुतो लाग्न थालिसक्यो । किनकि मुद्दा जिते पनि उनले पाउने ५० हजार रुपैयाँबराबरको सम्पत्ति हो । तर अहिलेसम्म वकिल, लेखनदास खर्च र जातेआते बसभाडा गरेर ६० हजार जति खर्च भइसक्यो ।

“चाँडो न्याय पाइएला भनेर मुद्दा हालियो, तीन वर्ष अदालत धाएँ, तर भएको सम्पत्ति सकियो, अझै फैसला हुँदैन”, उनी भन्छिन्, “अब मुद्दा फैसला भएर अंश पाए पनि मेरो खर्च पनि उठ्दैन ।”

अदालती कामकारबाहीमा भनिन्छ, “ढिलो न्याय दिनु भनेको न्याय नपाउनुसरह हो ।” तर भारी र केसीजस्ता धेरै व्यक्ति अहिले पनि यस्तै ढिलाइको पीडा भोगिरहेका छन् । तर यसमा दोष

*मुद्दा फैसला हुन आँटिको अवस्थामा वकिलहरू नै पेशीमा चढेको मुद्दा हटाउन लागिपर्छन् । नब्बे प्रतिशत वकिलले बिरामी भएको वहाना गर्छन्, माथिल्लो तहको अदालतमा बिरामी छु भनेर मुद्दा हटाउन लगाउँछन् र तल्लो तहको अदालतमा बहस गरिरहेका हुन्छन् ।*

अदालती प्रक्रियाको मात्रै छैन । वकिल र कर्मचारी पनि उत्तिकै बाधक छन् ।

जिल्ला अदालत कास्कीका एक कर्मचारीका अनुसार मुद्दालाई लम्ब्याउने काममा वकिलहरू बढी जिम्मेवार छन् । नाम उल्लेख नगर्ने सर्तमा ती कर्मचारीले भने, “मुद्दा फैसला हुन आँटिको अवस्थामा वकिलहरू नै पेशीमा चढेको मुद्दा हटाउन लागिपर्छन् । नब्बे प्रतिशत वकिलले बिरामी भएको वहाना गर्छन्, माथिल्लो तहको अदालतमा बिरामी छु भनेर मुद्दा हटाउन लगाउँछन् र तल्लो तहको अदालतमा बहस गरिरहेका हुन्छन् ।”

बढ्दै गएको यस्तो प्रवृत्तिप्रति पुनरावेदन अदालत पोखराका निमित्त न्यायाधीश मोहनप्रसाद घिमिरे पनि सन्तुष्ट छैनन् । “बार काउन्सिल त्यस्ता वकिललाई कारबाही गर्नुपर्ने निकाय भए पनि कसैलाई कारबाही नगरिदिँदा बेथिति बढेको छ,” उनी भन्छन्, “यस्तै कारणले मुद्दा छिन्न ढिलाइ हुने हो ।” नियमअनुसार एकजना वकिलले दुईपटक मात्रै मुद्दा हटाउन पाउँछ, तर व्यवहारमा त्यस्तो छैन । नेपाल बार एसोसिएसन कास्कीका अध्यक्ष फणिन्द्रमान कोइरालाका भनाइमा, “कास्की जिल्ला

*नियमअनुसार एकजना वकिलले दुईपटक मात्रै मुद्दा हटाउन पाउँछ, तर व्यवहारमा त्यस्तो छैन । कास्की जिल्ला अदालतमा चलेको एउटा मुद्दामा ३२ पटकसम्म वकिलले पेशीबाट मुद्दा हटाएको पाइएको छ । अदालती विवरण हेर्दा ९५ प्रतिशत मुद्दा तीन वर्षपछि फैसला हुने गरेका छन् । कतिपय मुद्दा त दश वर्षसम्म लम्बिएका उदाहरणहरू पनि नभएका होइनन् ।*

अदालतमा चलेको एउटा मुद्दामा ३२ पटकसम्म वकिलले पेशीबाट मुद्दा हटाएको पाइएको छ ।"

त्यस्तै कतिपय अवस्थामा न्यायाधीशको आदेशले पनि मुद्दा हटाउने गरिन्छ। नियमविपरीत वकिल र न्यायाधीशले मुद्दा हटाउन पाउने व्यवस्थालाई एकपटक मात्रै गर्न सकेमा न्यायिक निरूपण चाँडो हुने कोइरालाको भनाइ छ। "नातामा विवाद नपरेका अंशमुद्दाहरू तत्काल छिन्न सकिन्छ, तर त्यस्ता मुद्दा पनि न्यायाधीशको आदेशले लम्बिने गरेका छन्" उनी भन्छन्, "यो न्यायिक पक्षका लागि एकदमै घातक कुरा हो ।"

प्रचलित कानुनअनुसार, अदालतमा परेको सुरु मुद्दा १ वर्षभित्रमा फैसला हुनुपर्छ। त्यस्तै पुनरावेदनको फैसला गर्दा मिसिल प्राप्त भएको मितिले ६ महिनाभित्रमा गर्नुपर्छ। समग्रमा बुझ्नुपर्ने प्रमाण बुझिसकेपछि फैसला गर्न म्याद बाँकी भए पनि ३५ दिनभित्र फैसला गर्नुपर्ने व्यवस्था छ। तर, सामान्य मुद्दा छिनोफानो गर्न कम्तीमा तीन वर्ष लाग्ने गरेको अदालती विवरणबाट प्रष्ट हुन्छ। अदालती विवरण हेर्दा ९५ प्रतिशत मुद्दा तीन वर्षपछि फैसला हुने गरेका छन्। कतिपय मुद्दा त दश वर्षसम्म लम्बिएका उदाहरणहरू पनि नभएका होइनन् ।

मुद्दा लम्बिनुमा मुख्य कारण वकिल, न्यायाधीश र अदालतका कर्मचारीको लापरबाही बढी जिम्मेवार रहेको पीडितहरूको बुझाइ छ। लेनदेनसम्बन्धी मुद्दा सात वर्षसम्म पनि छिनिन नसक्दा पोखराका राम गुरुङ अदालतका कर्मचारी र वकिलप्रति आक्रोश व्यक्त गर्छन्। उनले ०५६ सालमा किनेको जग्गा मुद्दाका कारण अहिलेसम्म पनि उपभोग गर्न पाएका छैनन् ।

आक्रोशित गुरुङ भन्छन्, "सात वर्षसम्म मुद्दा खेप्नुपर्‍यो । यहाँ वकिल र कर्मचारी नियमभन्दा उल्टो गर्छन्, यिनीहरूलाई कसैले कारबाही पनि गर्दैन । नियमअनुसार काम नगर्दा पनि कुनै वकिल, न्यायाधीश कारबाहीमा परेका छैनन् ।"

मुद्दा ढिलो गर्नेहरूबाट पीडितले क्षतिपूर्ति पाउने व्यवस्था हुनुपर्ने पीडितको भनाइ छ। अदालतको ढिलाइ र वकिलको लापरबाहीको सजाय पीडितले भोग्न नपरोस् भन्नका लागि पनि कानुनमा नै क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने उनीहरूको माग छ। गुरुङ भन्छन्, "मुद्दा परेपछि वकिलले पीडितलाई दुहुनो गाई नै ठान्दारहेछन, मेरो मुद्दा ५० पटकभन्दा बढी हटाइसकियो, तर कसैलाई वास्ता छैन, यो ज्यादतिको मलाई कसले दिन्छ क्षतिपूर्ति ?"

विगत दश वर्षको आन्तरिक द्वन्द्वको छायाले न्याय सम्पादनमा कठिनाइ भोग्नु परेर पीडित झन् पीडित बनेका उदाहरणहरू पनि छन्। माओवादीले कतिपय मुद्दा नचलाउनु, हाम्रो जनअदालतले हेरेको छ भनेर धम्क्याए। त्यस्तो धम्कीले पनि वकिलले मुद्दा कयौंपटक हटाउनुपर्ने अवस्था आएको थियो ।

न्यायाधीश र वकिलले कानुन पालना गरेर मात्रै न्याय सम्पादन छिटोछरितो नहुने अनुभव एकजना न्यायाधीश सुनाउँछन्। न्याय चाँडो दिनका लागि कानुनलाई समयसापेक्ष सुधार र संशोधन गर्दै जानुपर्ने उनीहरूको तर्क छ।

पुनरावेदन अदालतका न्यायाधीश ऋषिराज जोशी न्याय सम्पादन छिटो-छरितो बनाउन कानुनी प्रक्रियामै तत्काल सुधार गर्नुपर्छ। जोशी भन्छन्, "४३ वर्षअघिको नेपालको भौगोलिक अवस्था हेरेर बनाइएको २०१९ सालको मुलुकी ऐन अहिलेको परिवर्तित अवस्थामा कत्ति पनि मेल खाँदैन। यसमा परिमार्जन गरेर समयसापेक्ष बनाउनुपर्छ अनि मात्र न्याय प्रभावकारी हुन्छ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# छुवाछूत कानुनमा हट्यो, व्यवहारमा कायमै

*कानुनले जातीय आधारमा हुने छुवाछूत र भेदभाव बर्जित गरे पनि व्यवहारमा अहिले पनि छुवाछूतको डरलाग्दो समस्या यथावत् छ । सुदूरपश्चिमका दलित समुदायले अहिले पनि छुवाछूतको दर्दनाक पीडा भोगिरहेछन् । तर, कानुन कार्यान्वयन गर्ने सरकारी निकायका कर्मचारी आफूलाई उपल्लो जातिकै मानेर चुप छन् । कानुन बन्दैमा छुवाछूत रोकिँदैन भन्ने गतिलो उदाहरण बनेको छ, सुदूरपश्चिम ।*

भावना जोशी

**कैलाली** / चार वर्ष पुग्नै लाग्यो, सुदूरपश्चिमी जिल्ला कैलालीलाई छुवाछूतमुक्त घोषणा गरेको । बाहिरबाट सदरमुकाम धनगढी छिर्दा जिल्ला विकास समितिको प्रवेशद्वारमा ठूलाठूला अक्षरमा लेखिएको होर्डिङबोर्ड देखिन्छ- 'छुवाछूतमुक्त कैलालीमा यहाँहरूलाई स्वागत छ ।' २०५९ सालमा जिल्ला विकास समितिका पदाधिकारी, दलका नेता, अधिकारवादी र नगरवासीसमेतले औपचारिक कार्यक्रम गरी छुवाछूतमुक्त जिल्ला घोषणा गरेका थिए, कैलालीलाई । तर, चार वर्ष बितिसक्दा पनि यस जिल्लामा जातका आधारमा हुने छुवाछूत र भेदभावमा कुनै कमी आएको छैन । यहाँका दलितहरू अहिले पनि 'ठूला जात'बाट पानी बाराबारको अवस्थामै छन्

कैलाली मात्रै होइन, सिङ्गो सुदूरपश्चिममा जातीय छुवाछूतको समस्या डरलाग्दो छ, अहिले पनि । छुवाछूत अन्त्यका लागि थुप्रै घोषणा र प्रयास भए, तर तिनको कार्यान्वयन कहिल्यै भएन । छुवाछूत अन्त्यका लागि लामो समयदेखि खट्दै आएका दलित अगुवा गणेश विकको भनाइले पनि त्यो अवस्था झल्काउँछ । उनी भन्छन्, "छुवाछूतमुक्त' भन्ने घोषणा नारामा मात्रै सीमित हुन पुगेको छ ।" राष्ट्रिय दलित नेटवर्कका अध्यक्षसमेत रहेका विक आफैं पटक-पटक छुवाछूतको सिकार भएका छन् । "छुवाछूतमुक्त घोषणा भइसकेको धनगढीमा बस्दा त्यो भेदभाव आफैंले भोगेँ । दूध किनेर खान्थ्यौं, दलित भन्ने थाहा पाएपछि दूध दिन छाडे," उनी प्रश्न गर्छन्, "सहरमै यो अवस्था छ, गाउँमा कस्तो होला । यस्तै भइरहने हो भने ठूला होर्डिङबोर्ड मात्र राख्नुको के अर्थ ?"

*कानुनले जातीय भेदभाव र छुवाछूतलाई दण्डनीय अपराध भने पनि त्यो अपराध गर्न न कोही डराएका छन् न समाजमा छुवाछूत हटेको छ । कानुनको फितलो कार्यान्वयन पक्षका कारण दलित समुदायले अन्य जातसरह सम्मानपूर्वक बाँच्न पाएका छैनन् ।*

'दलितलाई दूध दिए भैंसी रूख चढ्छ' भन्ने रुढीवादी सोच अन्यत्रझैं कैलालीमा पनि व्याप्त छ । त्यसैले 'ठूला जात'का मानिसहरू दलितलाई दूधसमेत खान दिँदैनन् । कानुनले जातीय भेदभाव र छुवाछूतलाई दण्डनीय अपराध भने पनि त्यो अपराध गर्न न कोही डराएका छन् न समाजमा छुवाछूत हटेको छ । कानुनको फितलो कार्यान्वयन पक्षका कारण दलित समुदायले अन्य जातसरह सम्मानपूर्वक बाँच्न पाएका छैनन् ।

डोटी जिल्लामा रहेको शैलेश्वरी मन्दिर प्रवेश गर्न खोज्दा दलितहरू पटक-पटक 'ठूला जात'का हरूबाट कुटिएका छन् । यही निहुँमा गाउँ निकाला गरिएका पनि धेरै छन् । पछिल्लोपटक त मन्दिर प्रवेशको घटनाले उग्र रूपै लियो, 'ठूला जात'का मानिसका आक्रमणबाट दलितहरूले

*गोदावरी दलित समुदायको बाहुल्य रहेको गाविस हो । गाविसको कुल जनसङ्ख्यामध्ये ७० प्रतिशत दलित समुदाय छ । तर बहुसङ्ख्यक दलित ३० प्रतिशत गैरदलितबाट थिचिएका र दबाइएका छन् । गाउँ परिषद्को ४७ पदमध्ये अध्यक्षसहित २७ स्थानमा दलितले जितेको गोदावरी गाविसमा दलितको अवस्था भने निरीह छ, जितेर जाने प्रतिनिधिले पनि आफ्नै समुदायका लागि केही गर्न सकेनन् ।*

मुस्किलले ज्यान जोगाए। दलित गैरसरकारी संस्थामा तोडफोडसमेत भयो ।

कैलालीको श्रीपुर गाउँ विकास समितिको लालपुरस्थित नवदुर्गा भवानी मन्दिर प्रवेश गर्न खोज्दा पनि यस्तै भयो। २८ जेठ २०६१ मा मन्दिर प्रवेश गर्न गएका कैलालीका तत्कालीन प्रमुख जिल्ला अधिकारी माथुरप्रसाद यादव, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी र दलितहरूमाथि स्थानीय गैरदलितहरूले आक्रमण र दुर्व्यवहार गरे, कतिपयले कुटाइ खाए । धनगढी नगरपालिकामै दलित भएका कारण भोग्नुपरेका यातना पनि थुप्रै छन् । सामान्य विवादमा गैरदलित छिमेकीले धनगढी नगरपालिका- १२ जुगेडाकी मुनिदेवी दमाईलाई दिसासम्म खुवाए ।

यी त केही प्रतिनिधि घटना मात्रै हुन् । सिङ्गो सुदूरपश्चिम क्षेत्रमा जातीय भेदभाव र छुवाछूतका यस्ता घटना दिनहुँजसो हुने गर्छन् । तर, कानुनले छुवाछूत बर्जित गरेको भए पनि व्यवहारमा त्यसको खुलेआम उल्लङ्घन भइरहँदा कानुनको कार्यान्वयन गर्ने निकायको ध्यान पुगेको छैन। एउटा गैरसरकारी संस्थामा कार्यरत हरि श्रीपाइली गुनासो गर्छन्, "विद्यमान कानुन र मानवअधिकारलाई ठाडो चुनौती दिने यस्ता घटनामा सम्बन्धित निकायको ध्यान नपुग्नु दुर्भाग्यपूर्ण हो ।"

सुदूरपश्चिममा छुवाछूतको अर्को डरलाग्दो समस्या बनेको छ- अन्तरजातीय विवाह। कथित ठूलो जाति र दलित वर्गमा विवाह भएको खण्डमा ती जोडीले समाज र घरपरिवारबाट दुर्व्यवहार भोग्न तथा मानसिक यातना खेप्न बाध्य हुनुपर्छ। कञ्चनपुरको महेन्द्रनगर नगरपालिका-१८ निम्बुखेडा गाउँका दिनेश कामी र सोही गाउँकी गंगा धामीबीचको प्रेम ठूलो जोखिम मोलेर विवाहमा त बदलियो तर केही दिनमै छुट्टिनुपर्‍यो। उनीहरूको प्रेमविवाह परिवारले सफल हुन दिएन। केटी पक्षकाले अन्तरजातीय बिहेलाई अपराधकै दर्जा दिए। कहाँसम्म भने दिनेश र गंगा प्रेमविवाह गरी भागेपछि केटी पक्षकाले दिनेशकी दिदी बिमलालाई बेपत्ता पारे। भारतको खटिमाबाट उनलाई समातेर चार दिन नियन्त्रणमा लिएर कुटपिट गरे। पाँचौं दिन जिल्ला प्रहरी कार्यालयमा ल्याई थुनियो र उनीहरूलाई उपस्थित गराउने सर्तमा मानवअधिकारवादीको जिम्मामा छाडियो। तीन दिन प्रहरी हिरासतमा बिताएपछि बल्लतल्ल छुटेकी बिमला भन्छिन्, "भाइले मन पराएर बिहे गरेको हो, उल्टै हामी दिदीभाइलाई केटी बेच्ने दलाल भनेर थुने, कुटपिट पनि गरे ।"

गैरदलितसँग प्रेम गरेकै कारण कैलालीको गोदावरी गाविस ओलानीकी नन्दा सार्कीको जीवन बर्बाद भएको छ। छिमेकी चक्र रावलसँग उनको प्रेम बसेको थियो। प्रेम सम्बन्धकै क्रममा उनको पेटमा चक्रको गर्भ रहन गयो र माइतीमै बच्चालाई जन्म दिइन्। सुत्केरी अवस्थामा उनले आफ्नो हक माग्दै प्रेमी चक्रको आँगनमा ६९ दिनसम्म धर्ना दिइन् तर केही उपाय लागेन। 'सानो जातकी' भनेर परिवारले भड्काएपछि प्रेमीले पनि उनको वास्ता गर्न छाडे। अदालतको ढोका ढक्ढक्याउन पुगेकी नन्दाले अदालतबाट 'चक्रकी पत्नी'को रूपमा नाता प्रमाणीकरणको मुद्दा त जितिन् तर त्यही अदालतको फैसला जिल्ला प्रशासनले मानेन। प्रशासनले उनलाई 'चक्रकी पत्नी' भनेर नागरिकता दिन मानेन।

नागरिकता नबनेको हुनाले नन्दाले चक्रको परिवारसँग अंशमुद्दा लड्न सकेकी छैनन्। मुद्दा लड्न नागरिकताका लागि थुप्रैपटक जिल्ला

प्रशासन कार्यालय धाएकी नन्दालाई प्रशासनले गाविसको सिफारिस ल्याउन भन्यो। गाविससचिवले 'प्रशासनले नै सिफारिस गर्न नसकेको अवस्थामा आफूले पनि सिफारिस गर्न नसक्ने' भन्दै पन्छिए। प्रशासनले गाविस र गाविसले प्रशासन देखाउँदादेखाउँदै वाक्क बनेकी नन्दा भन्छिन्, "अदालतले त न्याय दियो तर त्यो न्याय निल्नु न ओकल्नु भएको छ।"

गोदावरी दलित समुदायको बाहुल्य रहेको गाविस हो। गाविसको कुल जनसङ्ख्यामध्ये ७० प्रतिशत दलित समुदाय छ। तर बहुसङ्ख्यक दलित गैरदलितबाट थिचिएका र दबाइएका छन्। गाउँ परिषद्को ४७ पदमध्ये अध्यक्षसहित २७ स्थानमा दलितले जितेको गोदावरी गाविसमा दलितको अवस्था भने निरीह नै छ। जितेर जाने प्रतिनिधिले पनि आफ्नै समुदायका लागि केही गर्न सकेनन्।

कञ्चनपुरको महेन्द्रनगर नगरपालिका-५ सुकासालमा पनि दलितकै बाहुल्य छ। तर, त्यहाँका ७० प्रतिशत दलित पनि अल्पसङ्ख्यक गैरदलितबाटै पीडित छन्। सुकासालमा ५१ परिवार दलित र ९ परिवार गैरदलित भए पनि दलितका २ जना मात्र एसएलसी उत्तीर्ण छन्। नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य नृप सुनार भन्छन्, "शिक्षामा पनि पहुँच छैन, धनसम्पत्ति छैन, राजनीतिमा ठूला जातकै बाहुल्य छ। त्यसैले हामी धेरै भएर पनि थोरैबाट थिचिएका छौं।"

जिल्लामा कानुन कार्यान्वयन गर्ने राज्यका शक्तिशाली र जिम्मेवार निकाय भनेकै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय हुन्। तर, दलित समुदायले अहिलेसम्म पनि प्रशासन र प्रहरीबाट न्यायिक अधिकार पाएका छैनन्। उनीहरूलाई सहयोग गर्नुको सट्टा प्रशासनले पनि आफूलाई ठूलो जात र दलितलाई सानो जातकै रूपमा हेर्ने गरेको दलित समुदायको तीतो अनुभव छ। त्यही अनुभव सुनाउँदै सङ्घका सुनार भन्छन्, "प्रशासन र प्रहरी दलितमुखी नभएसम्म जातीय छुवाछूत कम हुँदैन। जबसम्म कार्यान्वयन तहमा बस्ने मान्छे दलितका समस्या र अधिकारप्रति संवेदनशील हुँदैनन्, तबसम्म दलित समुदायले थिचोमिचो सहिरहनुपर्छ।" साँच्चै प्रशासन र प्रहरीजस्ता निकायले कानुनले बर्जित गरेको छुवाछूत बन्द गर्न कहिले ध्यान देलान् ? दलित समुदाय त्यही दिन कुरेर बसेको छ।

*डोटी जिल्लामा रहेको शैलेश्वरी मन्दिर प्रवेश गर्न खोज्दा दलितहरू पटक-पटक 'ठूला जात'का हरूबाट कुटिइका छन्। यही निहुँमा गाउँ निकाला गरिइका पनि धेरै छन्। पछिल्लोपटक त मन्दिर प्रवेशको घटनाले उग्र रूपै लियो, 'ठूला जात'का मानिसका आक्रमणबाट दलितहरूले मुस्किलले ज्यान जोगाए। दलित गैरसरकारी संस्थामा तोडफोडसमेत भयो।*

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कुपोषणका बाहक कमजोर आमा

*पौष्टिक आहार र आमाको दूधको कमीका कारण देशका ५१ प्रतिशत बालबालिका कुपोषणबाट पीडित छन् । आधाभन्दा बढी बालबालिका कुपोषित हुनुले देशको आर्थिक तथा सामाजिक स्थितिलाई दर्शाउँछ । नाना बनेकी छन् यसको प्रतिनिधि । आमाको मृत्युपछि नानालाई उनका बुबाले जेनतेन विकासे दूध, नानाथरी लिटो खुवाउन थाले । लुरी र पिलन्धरे नै भए पनि जेनतेन हुर्काए । तर त्यो स्याहार पनि सधैं टिकेन । किनभने नाना टुकटुक गरेर हिँड्न सक्ने र तोते बोली बोल्न सक्ने के भएकी थिइन्, उनलाई बुबाले दिनभर सडकमा लगेर छाडिदिन थाले । सडकको अव्यवस्थित खानपान र बसाइले नानाको शरीर खिइँदै र सुक्दै गयो ।*

✍ इन्दिरा आचार्य

**बुटवल** / स्वास्थ्य विज्ञानले पुष्टि गरेको छ, शिशुका लागि आमाको दूध अमृतसमान हुन्छ । आमाको दूधले उनीहरूलाई विभिन्न किसिमका रोगहरू लाग्नबाट बचाउँछ । त्यति मात्रै होइन, बालबालिकाको शारीरिक विकासमा समेत यसले ठूलो मद्दत पुऱ्याउँछ ।

तर बुटवलकी नाना चौधरीले आफ्नी आमा नै चिन्ने मौका पाइनन् । आमा नै नचिन्ने नानाका लागि दूध खाने त धेरै परको कुरा बन्यो । आमाको दूधको स्वाद नपाएकी नानाले जन्मेदेखि आमाको दूध खान नपाएको प्रमाण उनको शरीरले नै दिने गरेको छ । नानाको शरीर सुकेर कंकालजस्तै बनेको छ । उनलाई देख्दा लाग्छ, मसिनो हाडमा छाला बेरिएको छ । अनुहार देख्दा लाग्छ, उनी खप्परमा सीमित भएकी छन्, आँखाका नानी गाडिएका छन् । नीला ओठमा सेता दाँतबाहेक उनको चेहरामा अरू केही पनि देखिँदैन । सुकेको लठ्ठीजस्तै उनको शरीर सुकेर बिजोक बनेको छ ।

बुटवल, दीपनगरकी नानालाई जन्माउँदा उनकी आमा निकै बिरामी परेकी थिइन् । बिरामी अवस्थामा जन्माएकी हुनाले जन्मिँदै नाना असाध्यै कमजोर र लुरी थिइन् । नाना जन्मेपछि उनकी आमा झन् बिरामी परिन् । गरिब परिवारले औषधि गर्न सकेन । रोगले भने झन्झन् च्याप्दै गयो । अन्ततः नाना जन्मेको केही दिनमै उनकी आमाको मृत्यु भयो ।

आमाको मृत्युपछि नानालाई उनका बुबाले

*दुब्ली र ख्याउटे सीतालाई कुपोषणले जीवन र मरणको दोसाँधमा नै पुऱ्याएको छ । र पनि उनको परिवारलाई सीतालाई कुपोषण लागेको हो भन्ने कुरा थाहा छैन न त उनीहरूलाई कुपोषण एउटा रोग हो भन्ने जानकारी छ । "खै के भएको हो, झारफुकले पनि सन्चो गराएन," आमा ताराले सुस्केरा हाल्दै सुनाइन् ।*

जेनतेन विकासे दूध, लिटोलगायत नानाथरी खानेकुरा खुवाउन थाले । लुरी र पिलन्धरे नै भए पनि जेनतेन हुर्काए । तर त्यत्तिको स्याहार पनि सधैं टिकेन । किनभने जब नाना टुकटुक गरेर हिँड्न सक्ने र तोते बोली बोल्न सक्ने भइन्, त्यसपछि त उनलाई बुबाले दिनभर सडकमा लगेर छाडिदिन थाले । उनले दिनभर भोकै बस्नुपर्ने भयो । यसपछि नानाको शरीर झन्झन् खिइँदै र सुक्दै गयो ।

बुटवल, सुकुम्बासी टोलकी सीताको अवस्था पनि नानाको भन्दा फरक छैन । दुब्ली र ख्याउटे सीतालाई कुपोषणले जीवन र मरणको दोसाँधमा नै पुऱ्याएको छ । र पनि उनको परिवारलाई सीतालाई कुपोषण लागेको हो भन्ने कुरा

थाहा छैन न त उनीहरूलाई कुपोषण एउटा रोग हो भन्ने जानकारी छ। "खै के भएको हो, झारफुकले पनि सन्चो गराएन," आमा ताराले सुस्केरा हाल्दै सुनाइन्।

उसो त आमा तारा पनि आफैं अस्वस्थ छिन्। आफू अस्वस्थ भए पनि छोरीलाई मोटी र पुष्ट बनाउने उनको चाहना छ। तर, भोकमा रुखो भात खान दिने क्षमता पनि उनमा छैन। किनभने बुटवलका घर र पसलमा आफ्ना लागि काम र छोरीलाई खाना माग्दै हिँड्ने तारा आफैं पनि भोकभोकै रहन्छिन्।

उनका चार छोरी छन्। ती सबैको अवस्था सीताको जस्तै छ। सबै अस्वस्थ छन्। उनीहरूको अस्वस्थताको कारण गरिबी हो। जहाँ बालबालिकाहरूले प्रसस्त मात्रामा पौष्टिक आहार खान पाउँदैनन् र कुपोषणको मुखमा धकेलिन्छन्।

वास्तवमा कुपोषणको समस्या सीता र नानाजस्ता धेरै नेपाली बालबालिकाको हो। पछिल्लो राष्ट्रिय तथ्याङ्कअनुसार नेपालका कुल बालबालिकामध्ये ५२ प्रतिशत बालबालिका कुपोषित छन्।

तर रूपन्देही जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्कमा भने रूपन्देहीमा जम्मा ६ प्रतिशत बालबालिका मात्र कुपोषित छन्। यो तथ्याङ्क अस्पतालमा जँचाउन आएका बालबालिकाको तौलको आधारमा मात्र छुट्याइएको हो।

जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार रूपन्देहीमा जम्मा ६५ हजार १७ सय ८ बालबालिका छन्। तर ती मध्ये ४७ हजार ५ सय ४ जना बालबालिकाको मात्र तौल लिइएको छ। गरिब परिवारका धेरै बालबालिका तौल लिन छुटेका छन्। तर, जनस्वास्थ्य कार्यालयका अनुसार सबैभन्दा बढी बालबालिका कुपोषित हुने समस्या पनि गरिब परिवारमा नै छ। रूपन्देहीमा करिब ३० प्रतिशतभन्दा बढी बालबालिका कुपोषित छन्।

नेपालका बालबालिकाका लागि कुपोषण एक मुख्य समस्याको रूपमा रहेको स्वास्थ्यकर्मीहरू बताउँछन्। चिकित्सकहरूका अनुसार कुपोषणबाट बालबालिकाहरूको शारीरिक र मानसिक विकासमा प्रत्यक्ष असर परेको छ। जनस्वास्थ्य कार्यालयको सन् २००१ को सर्भेक्षणअनुसार नेपालमा ५

*जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार रूपन्देहीमा जम्मा ६५ हजार १७ सय ८ बालबालिका छन्। तर ती मध्ये ४७ हजार ५ सय ४ जना बालबालिकाको मात्र तौल लिइएको छ। गरिब परिवारका धेरै बालबालिका तौल लिन छुटेका छन्। तर, जनस्वास्थ्य कार्यालयका अनुसार सबैभन्दा बढी बालबालिका कुपोषित हुने समस्या पनि गरिब परिवारमा नै छ। रूपन्देहीमा करिब ३० प्रतिशतभन्दा बढी बालबालिका कुपोषित छन्।*

वर्षमुनिका कुल बालबालिकामध्ये ५०.५ प्रतिशत उमेरको आधारमा कम उचाइ भएका अर्थात् पुड्का बालबालिका भएको पाइएको छ।

सर्भेक्षणअनुसार ४८.२ प्रतिशत बालबालिकामा उमेरअनुसार हुनुपर्ने तौलभन्दा कम तौल भएको पाइएको छ। यति मात्रै होइन, नेपालमा ३० देखि ५० प्रतिशत बच्चाहरू जन्मिँदै कम तौल भएका जन्मेको पाइएको छ। स्वास्थ्यकर्मीहरूका अनुसार नेपाली बालबालिका बढी कुपोषित हुने प्रमुख कारण गरिबी हो।

यसबाहेक हाम्रो देशका अधिकांश ग्रामीण र सहरी भेगमा संस्कारको कारण पनि रहेको छ। हुन पनि बच्चालाई ६ महिनासम्म आमाको दूध मात्र खुवाइन्छ भने पास्नीपछि बच्चालाई आमाको दूध खुवाउन कम गरिन्छ। कसैकसैले त ठ्याम्मै खुवाउन्नन् पनि। स्वास्थ्यकर्मीहरूको भनाइमा बच्चालाई दुई वर्षसम्म त दैनिक ८ पटक स्तनपान गराउनुपर्छ। तर, हाम्रो संस्कारै छ पास्नीपछि बच्चालाई दूध कम खुवाउने र अरू खुवाउने।

दूध खुवाउने प्रवृत्तिमा कमी ल्याउन आमालाई यो संस्कारले प्रोत्साहन गरेको छ। परम्पराअनुरूप बच्चाले राम्ररी अरू खाना नखाए

*अझै पनि हाम्रो समाजमा छोरीलाई पोषिला र तागतिला खानेकुरा खानबाट बन्देज लगाइन्छ जसले गर्दा ऊ कुपोषित बन्छे । भोलि त्यो छोरी निश्चय पनि आमा बन्छे । त्यो आमाबाट जन्मेका बच्चा स्वतः कुपोषित हुन्छन् । यसरी पनि कुपोषितहरूको सङ्ख्या बढ्दै गएको छ ।*

पनि महिलाले ६ महिनापछि खाना खुवाउन सुरु गर्दादेखि आफ्नो दूध चुसाउन कम गर्छन् जसको कारण बच्चाहरू कुपोषित हुन्छन् ।

यसैगरी वर्षेनी वा छिटोछिटो बच्चा जन्माउने चलनले पनि बालबालिकाले आमाको दूध प्रसस्त खान पाएका छैनन् र कुपोषणको सिकार बनेका छन् ।

बालबालिकालाई कुपोषित गराउनुमा आमाहरूको पनि कमजोरी छ। हाल नेपालमा महिलाहरू सौन्दर्यको नाममा बालबच्चालाई स्तनपान नगराउने र बजारमा पाइने दुग्धजन्य पदार्थहरू खुवाउने गर्नाले पनि बालबालिका कुपोषित भएका छन् ।

धेरै आमाले सौन्दर्य बिग्रने डरले आफ्ना बच्चालाई स्तनपान नगराउने चलन बढी सहरी क्षेत्रमा बढ्दो छ । "तर यो महिलाको भ्रम मात्र हो," महिला तथा बालरोग विशेषज्ञ डा. विनिता सुवेदी भन्छिन्, "बालबच्चालाई दूध चुसाउँदैमा महिलाको शारीरिक अवस्था नराम्रो बन्ने होइन। बरु राम्रो बन्छ ।"

उनको भनाइ छ, "अप्रमाणित र अवैज्ञानिक कुरा लिएर आफ्नो सौन्दर्यका निम्ति भन्दै बच्चाको भविष्यमाथि खेलवाड गर्नु महिलाको अज्ञानता हो। बच्चालाई दूध चुसाएर आफ्नो सौन्दर्य बिग्रिन्छ भन्नु मानसिक विचलन मात्र हो ।" हाम्रो समाजमा कुपोषणको अर्को कारण छोरा जन्मे खुसियाली मान्ने र छोरी जन्मे हेला गर्ने परम्परा हो ।

जनस्वास्थ्य कार्यालय रूपन्देहीका मुकुन्द गौतम भन्छन्, "अझै पनि हाम्रो समाजमा छोरीलाई पोषिला र तागतिला खानेकुरा खानबाट बन्देज लगाइन्छ जसले गर्दा ऊ कुपोषित बन्छे। भोलि त्यो छोरी निश्चय पनि आमा बन्छे। त्यो आमाबाट जन्मेका बच्चा स्वतः कुपोषित हुन्छन्। यसरी पनि कुपोषितहरूको सङ्ख्या बढ्दै गएको छ ।"

रूपन्देहीका ग्रामीण क्षेत्रमा कुपोषण बढ्नुको अर्को कारण आयोडिनयुक्त नुनको प्रयोग नगर्नु हो। रूपन्देही, मर्चवार क्षेत्रका ग्रामीण भेगका अधिकांश मानिस आयोडिनयुक्त नुनको प्रयोग गर्दैनन्। यही कारण अधिकांश शिशु जन्मिँदा अस्वस्थ नै जन्मिन्छन्। र, हुनुपर्ने भन्दा कम तौलका शिशु जन्मिन्छन्। जनस्वास्थ्य कार्यालयका अनुसार लुम्बिनी तथा मर्चवार क्षेत्रका अधिकांश जनता आयोडिनयुक्त नुनको प्रयोगबाट वञ्चित छन् ।

देशका बालबालिका कुपोषणले ग्रस्त भएको अवस्थामा जनस्वास्थ्य कार्यालय रूपन्देहीले अहिले विभिन्न कार्यक्रमहरू ल्याएको छ जुन कार्यक्रमहरू राष्ट्रियस्तरका कार्यक्रम हुन्। कार्यालयको भनाइमा कुपोषणबाट हुने रक्तअल्पता रोकथाम र परजीवी नियन्त्रण कार्यक्रमहरू जिल्लाभरि नै सञ्चालन गरिएको छ ।

तर महिला तथा बालरोग विशेषज्ञ डा. विनिता भन्छिन्, "कुपोषण लागेपछि मात्र रोक्न हतारिने होइन। अब जन्मने वा हुर्किने सबै किसिमका बालबालिकालाई कुपोषण नै लाग्न नदिने उपायहरू सोचिनुपर्छ ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# समस्या हट्यो, सम्मान बढ्यो

*कहिल्यै नगरेको काम गर्न सकिएला र ? गाउँको खानेपानी अभाव टार्न खानेपानी आयोजना बनाउने प्रस्ताव आउँदा दाङका महिलामा यस्तै डर थियो । गरे के हुँदैन र ? भन्ने आँट देखाएका महिलाले गाउँमा खानेपानी आयोजना मात्र होइन, विद्यालय भवन पनि बनाएर देखाइदिए । दलित र जनजाति महिलाहरूको यो प्रयासले गाउँलेले भोगिरहेका जल्दाबल्दा समस्या मात्र हटेका छैनन्, समाजमा मानसम्मान र इज्जत पनि बढेको छ र 'महिला' भनेर हेपिने व्यवहार अन्त्य भएको छ ।*

✍ लक्ष्मी आचार्य

दाङ / उनले पढेलेखेको छैन, घरको चुलोचौकोभन्दा बाहिर काम गरेको कुनै अनुभव थिएन । गाउँघरको कुरा गर्ने हो भने उनी 'पानी नचल्ने' दलित समुदायकी अनपढ महिला । तर, खानेपानी समस्याबारे छलफल गर्न आयोजित एउटा कार्यक्रममा एकाएक उनका अगाडि एउटा प्रस्ताव आइपुग्यो- गाउँमा खानेपानीको अभाव टार्न योजना सञ्चालन गर्ने र त्यसको नेतृत्व उनीलगायतका महिलाले गर्ने । चुलोचौकामा सीमित महिला अनि 'सानो जात'का मान्छेलाई पानी बार्दै आएका गाउँलेले खिल्ली उडाउन यस्तो प्रस्ताव गरेका हुन् कि भन्ने पनि लाग्यो । प्रस्ताव साँचो ठहरिएपछि उनलाई डर पनि लाग्यो- मैले यस्तो गर्न सकुँला र ?

आँटेपछि के हुँदैन र ? रामपुर गाविस-६ भट्टेटारकी द्रुपता सुनारले आफ्नो क्षमताप्रति अविश्वास गर्दै त्यो प्रस्ताव स्वीकारिन् । महिलाहरूकै नेतृत्वमा खानेपानी मूल सुधार समिति गठन गरिन् । काम गर्न सोचेजस्तो सजिलो थिएन । महिलाले के गर्न सक्छन् र भनेर गिज्याउने एउटा समूह थियो भने 'सानो जात'का भन्दै नाक खुम्च्याउनेको पनि कमी थिएन । आफै उपाध्यक्ष बनेर काम थालिन् । महिलाकै अग्रसरतामा योजना सम्पन्न भई गाउँका धारामा पानी बग्न थालेपछि भने सबैको मुख टालियो र कुरा काट्नेहरूले पनि भन्न थाले, "महिलाले पनि काम गरेर देखाउन सक्दारहेछन् ।"

"सानो जातका महिला भनेर सधैं हेपिनुपर्थ्यो, सार्वजनिक धारामा पानी भर्न पनि नपाइने अवस्था थियो," पहिलेको दुःख सम्झँदै द्रुपता भन्छिन्, "अब त गाउँसमाजको विश्वास पनि जितेका छौं, हेला होइन सम्मान गर्छन् अहिले हामीलाई ।" त्यो मौका गुमाएको भए भट्टेटारका धारामा न अहिले पानी आउँथ्यो न त महिलाले पुरुषकै अगाडि वाहवाही पाउँथे । यही कारण ती महिलाले शिर ठाडो पारेर आफ्नो क्षमतामा गर्व गर्न थालेका छन् । समितिकी सचिव क्वाँरी चौधरीलाई पनि सुरुमा त काम गर्न सकिएला भन्ने विश्वासै थिएन । काम त गरौंला तर, गाउँलेको विश्वास जित्नचाहिँ गाह्रो होला भन्ने डर बलियै थियो । तर, पाएको अवसरलाई चुनौतीको रूपमा स्वीकार्दै उनले पनि गरेर देखाउने मौका

*कामको कुनै अनुभव नभए पनि गर्दै गए, सिक्दै गए । चुनौतीको सामना गर्दै जाँदा समस्याहरू आफैं सुल्झिन थाले । दिइएको तीन महिनाको समय नबित्दै मूलको पानी गाउँका धारामा बग्न थाल्यो । र, त्यसपछि गाउँमा 'महिला' भन्दै कुरा काट्नेहरूको मुखै बन्द भयो । "अहिले त उनीहरू हाम्रा कुरा काट्दैनन्, बरु प्रशंसा गर्छन् र हौसला दिन्छन्," क्वाँरी भन्छिन्, "हाम्रो काम सबैले राम्रो भनिदिएपछि आफैं शिर उँचो भएजस्तो लाग्छ ।"*

*"काम गर्ने आँट गरेपछि हुँदोरहेछ, अब न पानीको समस्या छ न अरूको गाली खानुपर्छ ।" समितिका अध्यक्ष खुसीराम चौधरी भन्छन्, "महिलाहरूले हामीले पनि गर्न नसकेको काम गरी देखाइदिए ।" राज्यको नीति-निर्माण तहमा महिला सहभागिता अहिलेसम्म चार प्रतिशतभन्दा बढ्न सकेको छैन, तर गाउँ तहमा देखिएको महिलाको यो भूमिकाले केन्द्रलाई समेत गतिलो जवाफ दिएको छ ।*

आएको ठानिन् । नभन्दै तोकिएको समयमै योजना बन्यो र मनमनै लिएको अठोट पुरा भयो ।

तर, त्यसका लागि उनीहरूले दुःख र मेहनत पनि कम गरेनन् । बजार गएर निर्माण-सामग्री खरिद गर्ने, मिस्त्री-ज्यामीहरूलाई काममा लगाउने, प्राविधिकको सल्लाहअनुसार काममा आफैं खट्ने पुरुषजन्य मानिएका सबै काम भ्याए । कामको कुनै अनुभव नभए पनि गर्दै गए, सिक्दै गए । चुनौतीको सामना गर्दै जाँदा समस्याहरू आफैं सुल्झिन थाले । दिइएको तीन महिनाको समय नबित्दै मूलको पानी गाउँका धारामा बग्न थाल्यो । र, त्यसपछि गाउँमा 'महिला' भन्दै कुरा काट्नेहरूको मुखै बन्द भयो । "अहिले त उनीहरू हाम्रा कुरा काट्दैनन्, बरु प्रशंसा गर्छन् र हौसला दिन्छन्," क्वाँरी भन्छिन्, "हाम्रो काम सबैले राम्रो भनिदिएपछि आफैं शिर उँचो भएजस्तो लाग्छ ।"

सबैभन्दा सकारात्मक कुरा, पानी ल्याउने काममा महिला मात्र खटिएका थिए । तिनमा पनि दलित र थारू समुदायका महिलाहरू थिए । सात सदस्यीय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष महिला नै छन् । तर हेपिएका, थिचिएका र समाजमा हेलाको पात्र बनाइएका दलित र जनजाति महिलाले गाउँकै लागि उदाहरणीय काम गरेर देखाइदिए । गाउँका एक सय परिवारलाई अब खानेपानीको समस्या छैन । रामपुर बजारबाट समेत मानिसहरू गाडी लिएर महिलाहरूले ल्याएको धाराको पानी लिन गाउँ धाउन थालेका छन् ।

महिलाले आँट गरे भने के गर्न सक्दैनन् र ? भट्टेटारका महिलाले गाउँमा खानेपानीको अभावै टारिदिए । दाङको त्रिभुवननगर-३ भैंसाहीका महिलाले पनि त्यस्तै उदाहरणीय काम गरेका छन्, विद्यालय भवन बनाएर । भवनको अभावमा पठनपाठन लथालिङ्ग भएको गाउँमा भवन बनाउने कामको नेतृत्व गरिन्- २४ वर्षीया रेशमा चौधरीले । कक्षाकोठाको अभावमा बालबालिकाले पढ्न पनि सास्ती भोग्नुपर्ने भैंसाही प्राथमिक विद्यालयमा अहिले पढ्नलायक वातावरण बनेको छ । यसले बालबालिकाको भविष्य कोर्ने बाटो मात्र बनेको छैन, समाजमा रेशमा र उनीजस्ता महिलाले समाजमा मानसम्मान र इज्जत पनि बढेको छ । अझ महत्वपूर्ण कुरा त ६० प्रतिशत मुक्त कमैयाका बालबालिकाले पढ्ने भैंसाही प्राวि अब विद्यालय भन्नलायक भएको छ ।

विद्यालय भवन बनाउन इँट, सिमेन्ट जम्मा गर्नेदेखि सबै काम रेशमा र उनकै सहयोगीले गरे । कामको प्रभावले गर्दा विद्यालय व्यवस्थापन समितिमा पनि अहिले महिलाहरू नै पुगेका छन् । प्रधानाध्यापक यमलाल पोखेल अहिले भवन निर्माण, अन्य कामकाज, नीति-निर्माण गर्दा र कुनै समस्या परे समाधानका लागि महिलाको सहभागिता हुँदा धेरै सहज भएको बताउँछन् । गाउँका दलित, जनजाति महिलाहरू अघि सरेपछि विद्यालयमा छात्राको सङ्ख्या पनि बढेको छ, यसअघि छोरीहरू पढ्न कमै आउँथे ।

दलितहरूको मात्र बसोबास रहेको दाङकै लक्ष्मीपुर-६ को लमडरुवाका महिलाले पनि आफैं गाउँमा खानेपानीको समस्या सुल्झाएका छन् । खानेपानीका लागि अर्कै गाउँ पुग्नुपर्ने बाध्यता र दलित भएकाले भनेका बेलामा धारामा पानी पनि भर्न नपाउने अवस्थाले आजित बनेका महिलाहरू आफैं सङ्गठित बनेर समिति बनाए र कुवा खनेर खानेपानीको अभाव पूर्ति गरे । त्यसका लागि उनीहरूले समितिमार्फत १४ हजार रुपैयाँ उठाए, सबैले श्रमदान गरे ।

उपाध्यक्ष विमला परियार र कोषाध्यक्ष वसन्ती परियार एउटै स्वरमा भन्छन्, "काम गर्ने आँट गरेपछि हुँदोरहेछ, अब न पानीको समस्या छ

न अरूको गाली खानुपर्छ ।" समितिका अध्यक्ष खुसीराम चौधरी भन्छन्, "महिलाहरूले हामीले पनि गर्न नसकेको काम गरी देखाइदिए ।" १६ सदस्यीय समितिमा १२ जना दलित महिला छन् ।

हरेक क्षेत्रमा समावेशीका कुरा उठिरहे पनि राज्यको नीति-निर्माण तहमा महिलाको आशलाग्दो सहभागिता नभइरहेका बेला गाउँ तहमा महिलाको यो अभियानले साँच्चै सबै महिलामा आश जगाएको छ । र, त्यसमा आँट र साहस थप्ने काम गरिदिएका छन्, विभिन्न सामाजिक र गैरसरकारी संस्थाले । दलित, जनजाति र विपन्न परिवारलाई लक्षित विभिन्न संस्थाका कार्यक्रमले महिलालाई समाजमा नेतृत्वदायी भूमिका निभाउने अवसर जुराइदिए । त्यसैले निर्माणजस्ता काममा पनि उनीहरूले सजिलै हात हाल्न सके । मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र दाङका कार्यक्रम संयोजक भोला अधिकारी आयोजनामार्फत दलित, जनजाति महिलालाई मूलप्रवाहमा ल्याउनका लागि ती कार्यक्रम सञ्चालन भएको बताउँछन् । केन्द्रका अध्यक्ष किरण रेग्मी भन्छन्, "हामीले अवसर दियौं, उनीहरूले पुरुषभन्दा महिला पनि कम छैनन् भन्ने गरेर देखाइदिए ।"

राज्यको नीति-निर्माण तहमा महिला सहभागिता अहिलेसम्म चार प्रतिशतभन्दा बढ्न सकेको छैन, तर गाउँ तहमा देखिएको महिलाको यो भूमिकाले केन्द्रलाई समेत गतिलो जवाफ दिएको छ । नेपाल पत्रकार महासङ्घ दाङ शाखा सचिव सुदर्शन रिजाल यसबाट पाठ सिकेर दलित, जनजाति तथा विपन्न महिलाहरूलाई राज्यको नीति-निर्माण तहमा पहुँच बढाउन सरकारले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउँछन् ।

महिला दबाब समूह दाङकी संयोजक अधिवक्ता गोमा महरा दलित र जनजाति

*कक्षाकोठाको अभावमा बालबालिकाले पढ्न पनि सास्ती भोग्नुपर्ने भैसाही प्राथमिक विद्यालयमा अहिले पढ्नलायक वातावरण बनेको छ । यसले बालबालिकाको भविष्य कोर्ने बाटो मात्र बनेको छैन, समाजमा रेशमा र उनीजस्ता महिलाले समाजमा मानसम्मान र इज्जत पनि बढेको छ । अझ महत्वपूर्ण कुरा त ६० प्रतिशत मुक्त कमैयाका बालबालिकाले पढ्ने भैसाही प्रावि अब विद्यालय भन्नलायक भएको छ ।*

महिलाहरूले गरेको कामले महिलालाई कमजोर ठान्ने सबैलाई गतिलो पाठ सिकाएको ठान्छिन् । "अवसर भए महिला-पुरुष भन्ने हुँदैन, सबै सक्षम छन् भन्ने प्रमाण हो यो," उनी भन्छिन्, "सरकारले नै यसबाट उचित पाठ सिक्नुपर्छ ।" राज्यले नै महिलालाई अधिकारबाट वञ्चित गरेको उनको बुझाइ छ । नयाँ नेपाल निर्माणको कुरा गर्दासमेत राजनीतिक नेतृत्वले अझै समावेशी व्यवहार नदेखाएकोले नीति-निर्माण तहमा अब त्यो देखिनुपर्ने बताउँछिन् ।

दाङका महिलाले साँच्चै केही गरेर देखाउने साहस जुटाए । अझै पनि थुप्रै ठाउँमा महिलाहरू पुरुषको थिचोमिचोमा परेका मात्र होइनन्, आफैं पनि अघि बढ्ने हिम्मत जुटाउन सकिरहेका छैनन् । यी महिलाको साहसबाट पाठ सिक्ने कि ?

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# गाउँको जीवन बगरमा

*रोल्पाको घर बनाउँदा गौमतीको एउटा सन्तान खेर गएको थियो । घर बनाउन ढुङ्गा र काठ ओसार्दा आठ महिनाको बच्चा खेर गएको हो । आफूले दुःख गरेर बनाएको घरमा*

*माओवादीले पत्रिका छाप्ने मेसिन राखेका छन् । तर त्यो घरबाट निस्किन बाध्य पारिएकी उनी चिचिला बच्चाहरूसँग पातुखोलाको बगरमा कष्टकर दिन काटिरहेकी छिन् ।*

✍ रेखाकुसुम रेग्मी

***दाङ*** / पातुखोलाको निसासिँदो बगरमा ट्वाक्क-ट्वाक्क गिट्टी फोडिरहेकी छन् गौमती। छेउमा उनका चार र आठ वर्षीय दुई छोरा छन्। उनीहरू पनि आमाकै सिको गरिरहेका छन्। र, कलिला हातले गिट्टी फोरिरहेका छन्। उनीछेउ पुग्दा धेरैबेरसम्म कसैलाई हेरिनन् गौमतीले, न त हातको हथौडी नै बिसाइन्।

निरन्तरको अनुरोधपछि मात्र उनी खुलिन् र निहुरिएको मुन्टो फर्काइन्। उनको पहिलो आवाज निस्क्यो, "म त माओवादी भनेर डराएकी। अस्ति माओवादी आएका थिए, सोधपुछ गर्न।" बगरमा पनि दुःख दिन कोही आएको हो कि भनेर उनी तर्सिरहेकी थिइन्।

माओवादी कब्जाबाट भागेर रोल्पाबाट सपरिवार दाङ तुल्सीपुर झरेका गौमतीका श्रीमान् पोहोर भारत गए। त्यसपछि झन् एक्लै बनेकी गौमतीको दिनचर्या आजभोलि बगरमा बित्छ। सेना र माओवादीले परिवार छिन्नभिन्न गरिदिएको नियति भोगिरहेकी छन् अहिले।

रोल्पाको ओत गाउँ विकास समिति-५ भिताबाङमा उनको राम्रो घर थियो। द्वन्द्वका कारण घरगाउँलाई छोडेर दाङ तुल्सीपुरस्थित पातुखोला बगरछेउको झुपडीमा दिन काट्नुको पीडा सहिसक्नु छैन। दुईजना छोरा र आफ्नो पेट भर्नका लागि उनी पातुखोलाको बगरमा गिट्टी फोर्छिन्।

सात वर्षअघि सदरमुकाम लिबाङबाट गस्तीमा गएको सेनाको टोलीले गौमतीका श्रीमान्लाई पक्राउ गर्‍यो र सोही दिन छोड्यो। तर, माओवादीले सेनालाई 'सुराकी गर्‍यो' भन्ने आरोप लगाउँदै घरबाटै अपहरण गरे। माओवादीले उनलाई एक महिनासम्म शारीरिक र मानसिक यातना दियो। त्यस्तो यातना सहन नसकेर उनी रोल्पाबाट हिँडेका थिए।

रोल्पाको घर बनाउन ढुङ्गा र काठ ओसार्दा गौमतीको आठ महिनाको बच्चा खेर गएको थियो। आफूले दुःख गरी बनाएको घरमा माओवादीले पत्रिका छाप्ने मेसिन राखेका छन्। उनी भने बगरमा कष्टकर दिन काटिरहेकी छिन्। "तेरो घरमा माओवादीले छापाखाना राखेका छन् भनेर गाउँलेहरू सुनाउँछन्," मन कुढ्याउँदै उनी बताउँछिन्।

नाङ्गो भूइँमाथि नाङ्गा खुट्टा। देब्रेहातमा पुराना तीनवटा चुरा। मैलो, थोत्रो म्याक्सीले आफ्नो जीउ छोपेर त्यही जीउ पाल्न गिट्टीसँग लडिबुडी खेल्नु द्वन्द्वले दिएको उपहार हो गौमतीलाई। "चामल खान धौ धौ छ, नानी"- उनले बाहिर आँसु निकाल्दै भित्री पीडा सुनाइन्, "खाम्ला भनी रोल्पाको घरमा मका (मकै) राख्याथ्या।"

*श्रीमान् भारत गएपछि आमाछोराहरू केही समय तुल्सीपुरमा डेरा गरी बसे। एक्लैले भाडा तिर्न सक्ने अवस्था रहेन। उनले स्थानीय दुधेना गाउँमा ९ महिनासम्म गाई र भैंसीको गोबर बारीमा फाल्ने काम पनि गरिन्। तर, त्यसरी पनि गुजारा नचलेपछि उनले बगर रोजिन्। ०६२, चैतदेखि भाडा तिर्न नसकेर खोलाको बगरलाई बासस्थान बनाएकी उनको पीडा, अभाव र गरिबीलाई पातुखोलाले बगाउन सकेको छैन।*

श्रीमान् भारत गएपछि आमाछोराहरू केही समय तुल्सीपुरमा डेरा गरी बसे। एक्लैले भाडा तिर्न सक्ने अवस्था रहेन। उनले स्थानीय दुधेना

*नाङ्गो भूइँमाथि नाङ्गा खुट्टा । देब्रेहातमा पुराना तीनवटा चुरा । मैलो, थोत्रो म्याक्सीले आफ्नो जीउ छोपेर त्यही जीउ पाल्न गिट्टीसँग लडिबुडी खेल्नु द्वन्द्वले दिएको उपहार हो गौमतीलाई । "चामल खान धौ धौ छ, नानी"- उनले बाहिर आँसु निकाल्दै भित्री पीडा सुनाइन्, "खाम्ला भनी रोल्पाको घरमा मका (मकै) राख्याथ्या ।"*

गाउँमा ५ महिनासम्म गाई र भैंसीको गोबर बारीमा फाल्ने काम पनि गरिन् । तर, त्यसरी पनि गुजारा नचलेपछि उनले बगर रोजिन् । ०६२, चैतदेखि भाडा तिर्न नसकेर खोलाको बगरलाई बासस्थान बनाएकी उनको पीडा, अभाव र गरिबीलाई पातुखोलाले बगाउन सकेको छैन ।

आमालाई गिट्टी फोड्न सघाउनु, बगरबाट ढुङ्गा खोजेर ल्याउनु, भाइलाई रेखदेख गर्नु अनि परे चुलो सल्काउनु उनको छोरा झगेन्द्रको दिनभरिको काम हो । यति नगरे उनको पेटमा माड पर्दैन । हुन त उनी स्थानीय सरकारी विद्यालयमा कक्षा एकमा पढ्छन् । तर, महिनामा १५ दिन पनि विद्यालय पुग्ने अवसर मिल्दैन । "रोल्पाका साथी पनि छैनन्, कहाँ स्कुल जाने ?," माटो र बालुवाले भरिएका औंलाले भूइँ कोतर्दै झगेन्द्रले भने ।

पातुखोलाको करिब ५ मिटर मात्रै पश्चिममा खरले छाएको सानो झुपडी । झ्वाट्ट हेर्दा चौपाया बाँध्ने गोठजस्तै लाग्ने । चौडाइ दुई मिटर । लम्बाइ यस्तै ५ मिटर । उचाइको कुरा गर्ने हो भने एउटा मान्छे सजिलो गरी उभिनसमेत नमिल्ने । मसिना बाँसका छडीले बारेको भित्तामा भित्रतिर मात्रै सेतो माटोले पोतिएको । बाँसका छडीलाई बाँधेर बनाइएको मूलढोकाको कमजोर पल्ला । दुईकोठे झुपडीमा सहारा लाग्ने कालो एउटा कुकुर । चारवटा टिन र स्टिलका थाल । दक्षिणतर्फको कुनामा माटाको पानी खाने घैंटो । चामलझैं लाग्ने करिब एक पाथीको बोरा । रात धकेल्ने एकसरो ओढ्ने र ओछ्याउने लुगा । बस्, यही हो गौमतीको सम्पत्ति र बस्ने बासको अवस्था ।

द्वन्द्वले बसाइँ सारिदिएपछि गौमतीका छोरा झगेन्द्रका सबै अधिकार रोल्पामै छुटेका छन् । तैपनि उनले ठूलो अठोट सुनाए, "म धेरै पढ्छु ।" तर, उनको अठोटमा गिट्टीको टुक्राले कति साथ देला ?

कमाउन गएका श्रीमान्ले एकसुको पठाएका छैनन् । "उनको शरिल (शरीर) माओवादीले पिटेर खजा (कमजोर) छ । एक लाख रुप्पे (रुपैयाँ) त उपचार गर्दै लाग्यो भन्थे । यहाँ पानीबाहेक सबै किन्नुपर्छ । यी छोरालाई कसरी पालूँ । न त माओवादीले घर जान दिए न त सरकारले नै सहयोग गर्‍यो । काल पर्खेर बसेकी छु नानी," गौमतीले विस्थापित हुनुको पीडा ओकलिन् ।

आमा बिरामी परिन् या थलिइन् भने उनका छोरालाई साँझ-बिहानको छाक टार्न ठूलो कष्ट पर्छ । "भोकै सुत्छौं दिदी । भाइ त रुन्छ, पानी खुवाउँछु," झगेन्द्रले भने, "त्यसबेला बुबाको साह्रै याद आउँछ ।"

उनीहरूले कुटेको गिट्टी प्रतिबोरा आठ रुपैयाँका दरले बिक्री हुन्छ । कस्सिएर काम गर्ने हो भने यसबाट उनीहरूको दैनिक कमाइ करिब ५० रुपैयाँ मात्रै हुन्छ ।

गौमतीको परिवार मात्र होइन तुल्सीपुर- ६ पातुखोलाको बगर छेउमा लस्करै करिब ३ सय ३५ वटा छाप्रा छन् । यी छाप्रामा २० बढी विस्थापित परिवारको कष्टपूर्ण जीवन बितेको छ । झगेन्द्रजस्तै करिब ६० जना बालबालिका यही बस्तीमा बस्छन् । उनका छिमेकीको बस्ने बासस्थान र पीडा पनि गौमतीको जस्तै मिल्दोजुल्दो छ ।

माओवादी र सेनाको अमानवीय र अभद्र व्यवहारबाट आफ्नो घर छोडी जिल्लाका प्रमुख सहरमा भाडामा बस्दै आएका विस्थापित परिवारहरू आफ्ना लालाबाला (बालबालिका) सहित यो खोलाको छेउमा झुप्रा बनाउँदै गत फागुनदेखि बसेका हुन् ।

सिंगान र र्‍याल निकाल्दै गिट्टी र बालुवासँग आफ्नो जीवन साट्न थालेका नयाँ बस्तीका बालबालिकाको जीवन फेर्नमा कुनै निकायले ध्यान दिनसकेको छैन । उनीहरूको अधिकार-रक्षाका लागि पनि कसैले चासो दिएको

*"महिला विस्थापित भए भनेर प्रशासनमा कसैले जानकारी दिँदैनन्, त्यसैले यसको बारेमा कुनै तथ्याङ्क छैन," प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पौडेलले भने, "अब हामीमा चासो बढेको छ, विस्थापितहरूको अवस्थाको अध्ययनका लागि प्रक्रिया अगाडि बढाउँछौं । र, पुरानो तथ्याङ्कलाई अद्यावधिक गर्ने काम गर्छौं ।"*

छैन । यो बस्तीमा मात्रै सल्यान, दाङ, रोल्पा, नेपालगञ्ज, बाँकेलगायतका जिल्लाबाट बसाइँ सरेका बालबालिका छन् ।

गौमतीको परिवारजस्तै द्वन्द्वका कारण ०६२ मसान्तसम्म जिल्लाका करिब १ सय ३० घरपरिवार विस्थापित भएको जिल्ला प्रशासन कार्यालय दाङले जनायो ।

इन्सेक प्रतिनिधि विमल अधिकारीका अनुसार दाङ जिल्लामा सबैभन्दा बढी माओवादीबाट विस्थापितहरू रहेका छन् । माओवादीले 'हामी केही गर्दैनौं, आ-आफ्नो घर फर्क' भन्ने अभियान चलाए पनि विस्थापितहरूले उनीहरूको विश्वास गर्न नसकेको उनी बताउँछन् । अन्य जिल्लाबाट यहाँ बसाइँ सर्ने मात्र होइन, यहाँबाट बाहिरिनेको अवस्था पनि बाक्लै छ ।

जिल्लाको दक्षिण-पश्चिममा पर्ने गोल्टाकुरी गाविसको कौवाघारी राजकोटमा गाउँका सातजना बालबालिकासहित १३ जना विस्थापित छन् । श्रीमान् मारिएपछि सावित्री नेपाली (३२) कमाउन ०६२ फागुनमा कुवेत गइन् । उनका तीनजना छोराछोरी (सुशीला, बबिता र दिनेश) को कुनै अत्तोपत्तो छैन । "खै मामाघर गएकी, कता गए ?," छिमेकी जवाफ दिन्छन् ।

बाबु मारिएको पीडा खप्न नसकी आमाले आत्महत्या गरेपछि सुशीलाका सङ्गी मीना, लुमा र अनिल पनि विस्थापित छन् । बाबुराम सार्की र छविलाल सार्की भारत विस्थापित भएका छन् भने ईश्वरी सार्की (१५) हलो जोत्न थालेकी छन् । माया नेपाली, लक्ष्मी नेपाली र सुविधा नेपाली सिलाइकटाइ तालिम सिक्न एक वर्षदेखि काठमाडौंको गोंगबुमा छन् ।

"गाउँका बालबालिका सबै अन्यत्र सरे, गाउँ नै सुनो हुने हो कि, रित्तो हुने हो कि, गाउँ नै नरहने हो कि भन्ने पीर लाग्छ," ईश्वरीका छिमेकी देवबहादुर सार्कीले चिन्ता व्यक्त गरे ।

जिल्लाका गोल्टाकुरी, फूलबारी, लक्ष्मीपुर, बेला गाविस र त्रिभुवननगर नगरपालिका द्वन्द्वको प्रत्यक्ष मार भोगेका क्षेत्र हुन् । विधवा महिला सरोकार केन्द्रकी अध्यक्ष शारदा पोखेलको भनाइमा जिल्लामा द्वन्द्वबाट २ सय ७५ महिला विधवा भएका छन् ।

विस्थापित भई सहरमा बस्ने परिवारलाई घर फर्काउन र छिन्नभिन्न भएकाहरूलाई बासस्थानको पुनर्निर्माण गरिनुपर्ने नागरिक समाजको जोड छ ।

यता जिल्लाका कुनै निकायसँग विस्थापित परिवारको भरपर्दो तथ्याङ्क छैन । जिल्ला प्रशासन कार्यालयसँग दुई वर्षअघि १ सय ३१ घरपरिवारका ५ सय ८ जना जिल्लाबाट आन्तरिक तथा बाह्य विस्थापनमा परेको तथ्याङ्क छ । तर, यहाँ आउनेको भने कुनै तथ्याङ्क नै छैन ।

जिल्लामा धेरथोर कार्यक्रम गरिएको भए पनि विस्थापित महिलाको अवस्था जस्ताको तस्तै छ । जिल्लाका गैसस र सरकारी निकायबीच कामको समन्वय नभएकाले विस्थापित महिलाको अवस्थामा परिवर्तन हुन नसकेको महिला विकास कार्यालय प्रमुख सुशीला शर्मा बताउँछिन् ।

"महिला विस्थापित भए भनेर प्रशासनमा कसैले जानकारी दिँदैनन्, त्यसैले यसको बारेमा कुनै तथ्याङ्क छैन," प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पौडेलले भने, "अब हामीमा चासो बढेको छ, विस्थापितहरूको अवस्थाको अध्ययनका लागि प्रक्रिया अगाडि बढाउँछौं । र, पुरानो तथ्याङ्कलाई अद्यावधिक गर्ने काम गर्छौं ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# संस्कार जोगाउन चार पर्खालभित्र

*समाज आदिम युगबाट वैज्ञानिक चरमोत्कर्षमा पुगिसक्यो । तर रूपन्देहीका मुस्लिम समुदाय भने अझैसम्म पनि 'छोरीलाई पढ्न पठाए अरूको आँखा लाग्छ' भन्ने परम्परागत सोचाइबाट माथि उठ्न सकेको छैन । मुस्लिम महिलाहरू 'संस्कार बिग्रिएला' भन्ने डरले अहिलेसम्म पनि 'पुरुषको इच्छा'बेगर घरबाहिर निस्कँदैनन् । मुस्लिम अगुवाले धर्मको गलत व्याख्या गरी महिलालाई सधैं आफ्नो थिचोमिचोमा राख्ने गरेका छन्- परिणाम मुस्लिम महिला चार पर्खालभित्रको संसारमा आफूलाई सीमित गर्न बाध्य छन् ।*

✍ पबिता पौडेल

**रूपन्देही** / मुटु नै कपाउने पुसको चिसोमा न्यानो लुगा लगाएर विद्यार्थी सडकमा हिँडिरहेका देखिन्थे । तर, जरिना अलीको शरीरमा भने चिसो छेक्ने कपडा पनि थिएन । तैपनि उनी भाइलाई लुगा लगाइदिएर स्कुल जान तयार पार्दै थिइन् । बहिनी हसिना बार्दलीमा बसेर आफूजस्तै स्कुल जाने विद्यार्थी हेर्दै थिइन् । शायद उनी मनमनै सोच्दै थिइन्, "म पनि यसरी नै स्कुल जान पाए ।"

बुटवल नगरपालिका- १५ मा बस्ने १२ वर्षीया हसिना र १६ वर्षीया जरिना ५ कक्षा पढ्दापढ्दै स्कुल जान छोडेका हुन् । पढ्ने मन हुँदाहुँदै आफ्नै बाबुले उनीहरूलाई पढाइ छुटाइदिए । कारण थियो- "छोरीलाई धेरै पढाउनुहुँदैन, धेरै पढायो भने छोरी बिग्रन सक्छन् अनि धर्मको बद्नाम हुन्छ" भन्ने मुस्लिम समुदायको धार्मिक मान्यता । त्यसैले किसपत अलीले राम्रोसँग पढिरहेका छोरीलाई धार्मिक विद्यालय (मदरसा) छुटाई घरमै बसाएका थिए । तर, उनीहरूले सर्वसाधारणले पढ्ने विद्यालयको मुखै देख्न पाएनन् । ५ कक्षासम्म उनीहरूले मदरसामा पढेका थिए । मदरसा मुस्लिम समुदायले धार्मिक शिक्षाका लागि सञ्चालन गर्दै आएको धार्मिक पाठशाला हो । मुस्लिम समुदायमा छोरीलाई मुस्लिम संस्कार र धर्मसम्बन्धी ज्ञान दिए पुग्छ भन्ने धारणा छ । त्यसैले छोरीलाई मदरसामा त पढाइन्छ, त्यसपछि अगाडि पढ्न भने बन्देज लगाइन्छ ।

यस्तै संस्कारको सिकार भएका हुन् जरिना र हसिना पनि । पढ्ने रहर हुँदाहुँदै बाबुले पढाइ छुटाएको गुनासो जरिनाको छ । उनी

*भनिन्छ, मुस्लिम समुदायले महिलालाई बढी सम्मान गर्छन्, त्यसैले घरभित्रै बसाइन्छ, बाहिर काम गर्न दिइँदैन, पढ्न पनि पठाइँदैन घरमै संस्कारको ज्ञान दिइन्छ । तर बुझ्न गाह्रो छ, मुस्लिम महिलालाई समाजले दिएको यो सम्मान हो कि अपमान ?*

*शिक्षक अमितकुमार तिवारी भन्छन्, "धर्मलाई निरन्तरता दिन मुस्लिम समुदायका छोरीले धार्मिक शिक्षा लिन अनिवार्य छ, अन्य शिक्षा नलिए पनि हुन्छ ।" इस्लाम परिवारमा छोरीको भूमिका महत्वपूर्ण हुने बताउँदै तिवारी भन्छन्, "इस्लामले छोरीलाई बाहिर काम गरेको राम्रो मान्दैनन्, जागिर गरेर पैसा कमाएको महिलालाई दुःख भएको ठान्छन् ।" तर, पढ्नै नदिएर महिलालाई कस्तो सुख दिन खोजिएको भन्ने जवाफचाहिँ ती शिक्षक दिन सक्दैनन् ।*

भन्छिन्, “आमाबाबाले पढ्नुपर्दैन भने, कसरी पढ्ने ?” उनकै छेउमा बसेकी बहिनी हसिनाले उकुसमुकुस खोलिन्, “पढ्न त मन छ, तर बाबाआमाले पढाए पो पढ्ने ?” १४ वर्षीय भाइ सेर अलीको पढाइ भने रोकिएन। मदरसाको पढाइ सकिएपछि उनी विद्यालय भर्ना भए, अहिले १० कक्षामा पढ्दैछन्। छोरालाई पढाउने, छोरीको पढाइ छुटाइदिने, यस्तो किन त ? किसपत भन्छन्, “अर्काको घर जाने जात, हाम्रो संस्कारमा छोरीले धेरै पढेको राम्रो हुँदैन।” आर्थिक रूपमा सम्पन्न परिवारमा जन्मे पनि जरिना र हसिनाले पढ्न पाएनन्। आमा शैलुको छोरीहरूलाई पढाउने मन छ तर उनको आवाजको परिवारमा अर्थ छैन। मुस्लिम परिवार भएकाले घरको सबै निर्णय लोग्नेले गर्छन्, उनले केही भन्न पाउँदिनन्। उनी भन्छिन्, “हामीले त केही बोल्नै पाइँदैन।”

शिक्षाबाट वञ्चित हुने समस्या जरिना र हसिनामा मात्रै छैन। लुम्बिनी आदर्श गाविसको पडरिया गाउँकी सामसुन निशाले पनि (फैजुल इस्लाम अलसल्फिया) मदरसाको पढाइ सकिएपछि विद्यालय जान पाइनन्। स्कुल छोडेपछि साँझ-बिहान परिवारका लागि खाना बनाउनु, घर सफा गर्नु उनको दिनचर्या हो। भान्साको काम गर्दागर्दै सामसुनले भनिन्, “धेरै पढ्न मन थियो, तर बाबाले पढ्न दिएनन्।”

धार्मिक ज्ञानलाई प्राथमिकता दिइने मदरसामा प्राथमिक तहको पढाइ हुन्छ। अलसल्फिया मदरसामा ५ सय विद्यार्थी छन्, तिनमा एक सय छात्र र चार सय छात्रा छन्। मदरसामा कुर्तासुरुवाल लगाएका, बुर्का ओढेका मुस्लिम छोरीहरू मात्र देखिन्थे। चारैतिर पर्खाल लगाइएको मदरसाभित्रका छात्राहरू बाहिरबाट हेर्दा पनि निरीहजस्ता लाग्छन्।

रूपन्देहीमा २५ भन्दा बढी यस्ता मदरसा छन्। ती सबैमा करिब ९९ प्रतिशत छात्रा रहेका छन्। यहाँका अधिकांश बालक बाह्य विद्यालयमा पढ्न पाउँछन्। मदरसामा अध्ययन गर्ने सबै छात्र पनि त्यहाँको पढाइ सकिएपछि विद्यालय र उच्च शिक्षा अध्ययन गर्न अन्यत्रका शिक्षालयमा भर्ना हुन्छन्। तर, छात्राहरूचाहिँ ‘धार्मिक संस्कार जोगाउने’ नाममा मदरसा अध्ययनपछि घर फिर्ता हुनुपर्छ।

छोराले उच्चशिक्षा अध्ययन गर्न पाउने, छोरीले चाहिँ नपाउने। यस्तो किन त ? मदरसाका शिक्षक अमितकुमार तिवारी भन्छन्, “धर्मलाई निरन्तरता दिन मुस्लिम समुदायका छोरीले धार्मिक शिक्षा लिन अनिवार्य छ, अन्य शिक्षा नलिए पनि हुन्छ।” इस्लाम परिवारमा छोरीको भूमिका महत्वपूर्ण हुने बताउँदै तिवारी भन्छन्, “इस्लामले छोरीलाई बाहिर काम गरेको राम्रो मान्दैन, जागिर गरेर पैसा कमाएको महिलालाई दुःख भएको ठान्छन्।” तर, पढ्नै नदिएर महिलालाई कस्तो सुख दिन खोजिएको भन्ने जवाफचाहिँ ती शिक्षक दिन सक्दैनन्।

मुस्लिम अगुवाहरूका अनुसार इस्लामको मूल धार्मिक कानुन कुरानमा महिलाले कुन काम गर्नुपर्छ, कुन गर्नुहुँदैन भनेर लेखिएको हुने, छात्राहरूलाई सोही कुरामा पारङ्गत बनाउन पनि मदरसामा पठाइन्छ। यस्तै मदरसामा मुस्लिम समुदायका शिक्षकले पढाउने र बढी सुरक्षा हुने भएकोले पनि छोरीलाई मदरसामा पठाउने गरेको उनीहरू बताउँछन्। तर, आफ्नो समुदायबाहिरका स्कुलमा भने संस्कारभन्दा भिन्न वातावरण हुने भएकाले छोरीहरूकै सुरक्षाका लागि पढ्न पठाइन्न। मुस्लिम गुरु अब्दुल कुमिन भन्छन्, “त्यसैले छोरीहरूले बीचैमा पढाइ छोड्नुपर्छ।”

यो समस्या गाउँ र चेतनास्तर कम भएका ठाउँमा बढी छ। सहरका मुस्लिम केटीहरू भने यो समस्या धेरै भोग्नेमा पर्दैनन्। किनकि सहरमा महिला मात्र पढ्ने शिक्षालयहरू पनि छन्, त्यहाँ पढ्ने अनुमति भने समुदायले दिने गरेको छ। कुमिन भन्छन्, “उनीहरूले धेरै पढ्न चाहे छात्रामात्र पढ्ने शिक्षालयमा पढाइन्छ।” तर गाउँका मुस्लिम छोरीहरूले छात्रा मात्र पढ्ने शिक्षालय कहाँबाट पाऊन् ? त्यसमाथि घरबाट टाढा बसेर पढ्ने अनुमति दिनु त मुस्लिम समुदायमा सम्भव नै छैन। “समाजसेवी भनेर कहलिएका सामसुनका बाबु समिउल्लाह खानले त छोरीलाई पढाएनन् भने अरूले झन् के पढाउलान्,” एक छिमेकीले मुस्लिम छात्राहरूलाई गरिएको शैक्षिक विभेदप्रति असन्तोष व्यक्त गरे।

भनिन्छ, मुस्लिम समुदायले महिलालाई बढी सम्मान गर्छन्, त्यसैले घरभित्रै बसाइन्छ, बाहिर काम गर्न दिइँदैन, पढ्न पनि पठाइँदैन घरमै

संस्कारको ज्ञान दिइन्छ। तर बुझ्न गाह्रो छ, मुस्लिम महिलालाई समाजले दिएको यो सम्मान हो कि अपमान ?

बुर्काले मुख छोपेर मात्र घरबाहिर निस्कनुपर्ने, पुरुषले ५ वटासम्म विवाह गर्न पाउने, लोग्नेले तीनपटक 'तलाक' भनेपछि महिलाले नचाहेर पनि सम्बन्धविच्छेद गर्नुपर्ने तर महिलाले त्यसको विरुद्ध केही गर्न नपाउने, घरबाहिर जानुपरे लोग्नेबाहेक अरूसँग जान नपाउने अवस्था अहिले पनि यथावत् छ। यो अवस्था हेर्दा मुस्लिम समुदायका महिला अहिले पनि 'आफ्ना लागि होइन, समाज र संस्कारका लागि' मात्र बाँचिरहेको आभाष हुन्छ। शिक्षादेखि रोजगारसम्म उनीहरूको पहुँच छैन। रूपन्देहीमा मुस्लिम समुदायका महिला-साक्षरताको तथ्याङ्क पनि स्पष्ट छैन। उनीहरूको साक्षरताबारे बुझ्न खोज्दा जिल्ला विकास समितिका कर्मचारीको जवाफ थियो, "त्यस्तो तथ्याङ्क लिएकै छैनौं।"

मुस्लिम बुद्धिजीवीहरूको अनुमानमा जिल्लामा मुस्लिम महिला साक्षरता दर एक प्रतिशतभन्दा बढी छैन। एमाले नेतृ सावित्रा अर्याल पुरुषप्रधान धार्मिक कट्टरताले गर्दा मुस्लिम महिला सधैं दबेर बस्न बाध्य भएको बताउँछिन्। उनी भन्छिन्, "यस्तो संस्कारलाई चिर्न अब मुस्लिम महिला नै उठ्नुपर्छ।" धर्मले भेदभाव नगरेको र धर्मका आडमा केही अगुवाहरूले महिलामाथि थिचोमिचो गरिरहेको ठान्ने अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की केन्द्रीय सचिव कल्पना धमला भन्छिन्, "मुस्लिम महिलाहरू पनि अब शैक्षिक, राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा माथि उठ्नुपर्छ, त्यसका लागि सबैले सङ्घर्षकै थालनी गर्नुपर्छ।"

तर, अधिकारका लागि मुस्लिम महिला सङ्गठित हुन सजिलो छैन। किनकि उनीहरूको आफ्नै समुदायले शिक्षा र चेतनामा पहुँच पुग्न नदिएर उनीहरूलाई 'खुट्टै नभएको' जस्तो गरी राखिएको छ। अर्थात् धर्मको गलत व्याख्या गरी मुस्लिम महिलामाथि अन्याय र अत्याचार गरिएको छ। त्यसका लागि सबैभन्दा खाँचो देखिएको छ, धर्मका नाममा मुस्लिम पुरुष समुदायले महिलामाथि गर्ने थिचोमिचो चिर्ने प्रयासको।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# वादीका छोरीको शिक्षामा पहुँच बढेपछि...

*पुरानो पुस्ताले देहव्यापार पेशा अंगाल्नाले अहिलेसम्म समाजको दुर्व्यवहार खेप्दै आएका वादी युवती र किशोरीहरूले शिक्षामा पहुँच बढाउन थालेका छन् । शिक्षामा पहुँच बढ्न थालेपछि समाजले हेर्ने नजर र व्यवहारमा पनि धेरै परिवर्तन आउन थालेको छ ।*

✍ रूपा गहतराज

**बाँके** / 'देहव्यापार' गर्ने भनेर चिनाइएको वादी समुदायका पाका मान्छेहरू अहिले आफ्ना छोरीबहिनीलाई भन्ने गर्छन्, "सुषमाजस्तै बन्नु ।" उनीहरू आफ्ना छोरीलाई सुषमाजस्तै बनाउन चाहन्छन् । किनकि सुषमाले आफ्नै बलबुतामा जुन काम गरेर देखाएकी छिन्, त्यसले आफ्नो समुदाय मात्रै होइन, वादी भनेर नाक खुम्च्याउनेहरूलाई पनि गतिलो जवाफ दिएको छ ।

केही वर्षअघिसम्म "यो त वादीकी छोरी, उस्तै त होली" भन्दै दुर्व्यवहार गर्थे उनका आफ्नै छिमेकीले पनि । तर अहिले उनीहरू सुषमाले राम्रो गरिछे भन्न थालेका छन् । किनकि उनले आफ्नो परिवार र वादी समुदायको मात्र होइन, सिङ्गो समाजकै मन जितेकी छिन् । बाँकेको बैजापुरकी सुषमा नेपालीले साँझ-बिहानको छाक टार्ने उपाय नहुँदा-नहुँदै पनि अहिले आफ्नो पढाइ स्नातकमा पुर्‍याएकी छिन् । सामाजिक अपहेलना र दुर्व्यवहारबाट कति पनि विचलित नभई पढाइलाई अगाडि बढाउन उनले गरेको साहस नै समाजका लागि गतिलो उदाहरण बन्न पुग्यो । २०६० मा फुलटेक्रा माविबाट एसएलसी पास गरेकी सुषमा अहिले बीएल दोस्रो वर्षमा पढ्छिन् ।

तर समाजबाट यो सम्मान पाउन उनले कम्ती दुःख गर्नुपरेन । "सबैले वादीकी छोरी भन्दै गलत नजरले मात्र हेर्थे" उनी सम्झन्छिन्, "समुदायले पहिले अंगालेको पेशाले गर्दा हामीलाई पनि बसिखान सक्ने अवस्था थिएन ।" घरायसी समस्याले बीचैमा पढाइ छुट्ने अवस्था आयो । त्यही बेला उनले एउटा दलित गैरसरकारी संस्थामा काम पाइन् र कामसँगै पढाइ अगाडि बढाइन् । आज अवस्था बदलिएको छ । उनी कानुन व्यवसायी (वकिल) बन्ने लक्ष्यमा हिँडेकी छिन् ।

आफू र समुदायले भोगेको तीतो अतीतले उनलाई वकिल बन्न घच्घच्याएको छ । एउटा डरलाग्दो घटना, जो उनले आफ्नै आँखाअगाडि देखेकी थिइन् । वादी समुदायकी एकजना बालिका बलात्कृत हुँदा प्रहरी प्रशासनले पनि सहयोग गर्नुको साटो उल्टै वादी समुदायमाथि आक्षेप लगाएको थियो । न्यायको ढोका ढक्ढक्याउँदै प्रहरी कार्यालय पुग्दा प्रहरीले मुद्दा नै दर्ता गर्न मानेन । बरु प्रहरीले 'वादी जातिमा पनि बलात्कार हुन्छ र ?' भन्दै निवेदन फ्याँकेर दुर्व्यवहार गर्‍यो । यही घटनाले उनमा समुदायका लागि केही गर्ने अठोट आयो । "त्यसैले मलाई वकिल बनेर वादी महिलाका लागि काम गर्ने मन छ," उनी भन्छिन्, "कानुनी तह र प्रहरी प्रशासनमा हाम्रै समुदायका मान्छे भएको भए यस्तो भोग्नुपर्दैनथ्यो होला ।"

*वादी समुदायकी एकजना बालिका बलात्कृत हुँदा प्रहरी प्रशासनले पनि सहयोग गर्नुको साटो उल्टै वादी समुदायमाथि आक्षेप लगाएको थियो । न्यायको ढोका ढक्ढक्याउँदै प्रहरी कार्यालय पुग्दा प्रहरीले मुद्दा नै दर्ता गर्न मानेन । बरु प्रहरीले 'वादी जातिमा पनि बलात्कार हुन्छ र ?' भन्दै निवेदन फ्याँकेर दुर्व्यवहार गर्‍यो ।*

*उनले आफ्नो परिवार र वादी समुदायको मात्र होइन, सिङ्गो समाजकै मन जितेकी छिन् । बाँकेको बैजापुरकी सुषमा नेपालीले साँझ-बिहानको छाक टार्ने उपाय नहुँदा-नहुँदै पनि अहिले आफ्नो पढाइ स्नातकमा पुऱ्याएकी छिन् । सामाजिक अपहेलना र दुर्व्यवहारबाट कति पनि विचलित नभई पढाइलाई अगाडि बढाउन उनले गरेको साहस नै समाजका लागि गतिलो उदाहरण बन्न पुग्यो ।*

वादी समुदायका सुषमाजस्ता किशोरीहरू समाजमा केही गरेर देखाउने अठोटमा लागेका छन् । तिनैमध्येकी हुन्- एकता नेपाली । बाबुको टुङ्गो नभएकी एकताकी आमा देहव्यापार गर्थिन् । देहव्यापारबाटै उनी जन्मिइन् । आमाले त्यो 'पेशा' छोडेको वर्षौं भइसक्यो, तर समाजले गर्ने दुर्व्यवहारमा कुनै कमी आएन । पुरानो पुस्ताले अंगालेको पेशाले गर्दा अहिलेसम्म पनि आफूहरूमाथि दुर्व्यवहार हट्न नसकेकोमा उनी दुःखी छिन् । त्यही सोचाइबाट समाजलाई माथि उठाउन चाहन्छिन् उनी । नेपालगञ्ज मंगल माविबाट एसएलसी उत्तीर्ण गरेपछि प्रमाणपत्रतह दोस्रो वर्षमा अध्ययनरत एकता भन्छिन्, "हामीले समाजमा सम्मानपूर्वक बाँच्न पाउनुपर्‍यो नि, त्यसैका लागि केही गरेर देखाउने मन छ ।"

शिक्षाकै अभावमा वादी समुदाय माथि उठ्न नसकेको र अहिलेसम्म पनि समाजबाट दुर्व्यवहार भोग्नु परिरहेकोमा दुईमत छैन । शिक्षाको अभावले उनीहरूको आर्थिक अवस्था पनि दयनीय छ । शिक्षाकै अभावमा आर्थिक उपार्जनको सजिलो माध्यमको रूपमा उनीहरूले शरीर बेच्ने 'देहव्यापार' पेशा अंगाल्न पुगे । वादी युवतीहरू शिक्षामा गतिलो पहुँच कायम गरी समाजको पुरानो सोचाइ बदल्न चाहन्छन् । एकता भन्छिन्, "अबको नयाँ पिंढीमा देहव्यापारको छाया पर्न दिनुहुँदैन, त्यसका लागि शिक्षामा पहुँच चाहिन्छ । वादी भएका कारण समाजले गर्ने दुर्व्यवहार र हेला अन्त्य गर्नुपर्छ ।"

वादी युवतीहरूको शिक्षामा पहुँच पुग्न थालेपछि समाजको हेराइ र व्यवहारमा पनि परिवर्तन आएको छ । यसले वादीका धेरै छोराछोरीलाई पढ्न प्रेरणा दिएको छ । पढाइलाई निरन्तरता दिइरहेकी कविता नेपाली समाजले वादी समुदायलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तनले उत्साहित छिन् । "वादीका छोरी भन्दै हेप्ने, दुर्व्यवहार गर्ने र अपशब्द प्रयोग गर्थे," उनी भन्छिन्, "अहिले उनीहरू राम्रोसँग बोल्छन्, कुनै दुर्व्यवहार गर्दैनन् ।" समाजकै व्यवहारमा यसरी परिवर्तन आउन थालेपछि वादी समुदायमा पढ्नुपर्ने रहेछ भन्ने सोचाइ बढ्दै गएको छ । जन्मदर्ता नहुँदा विद्यालय भर्ना हुन नपाउने, काम केही नपाउने भएपछि किन पढ्ने भन्ने सोचाइ बदलिएको छ । एसएलसीको तयारी गर्दै बसेकी प्रतिभा नेपाली एसएलसी उत्तीर्ण भएपछि सङ्गीत विषय लिएर अगाडि बढ्न चाहन्छिन् ।

छीःछीः गर्ने साथीहरूको व्यवहारमा परिवर्तन आएकोमा प्रतिभा नेपाली पनि खुसी छिन् । "छिमेकीले वादीका सन्तान भनेर हेप्थे, साथीहरूले सँगै हिँड्न दिँदैनथे" प्रतिभा भन्छिन्, "अहिले त साथीहरूले विवाह, पूजाआजामा बोलाउँछन्, हाम्रै घरमा पनि आउँछन् । यस्तो देख्दा एकदमै खुसी लाग्छ ।" यो सबै उनले पढाइमा राम्रो दखल देखाएपछि भएको हो ।

देहव्यापारलाई पुर्ख्यौली पेशा बनाएका आमाहरूबाट जन्मेका वादीका सन्तानहरूले बाबुको पहिचान नभएको कारण वर्षौंदेखि नागरिकता, जन्मदर्ता, विद्यालय भर्ना हुन नपाउनेजस्ता समस्या भोग्दै आएका छन् । तर अवस्था अब हिजोको जस्तो छैन । शिक्षामा क्रमशः बढ्दै गएको पहुँचले उनीहरूमा आत्मविश्वास बढेको छ । जन्मदर्ता नहुने, विद्यालय भर्नामा समस्या हुने र नागरिकता नपाउने समस्या टर्ने भएको छ । जनआन्दोलन-२ पछि बनेको संसद् र सरकारले आमाको नामबाट नागरिकता दिने निर्णय गर्दै विधेयक पारित गरिसकेको छ । कानुन बनेपछि

आमाको नामबाट नागरिकता दिइनेछ र त्यसले सबैभन्दा ठूलो राहत बाबुको टुङ्गो नलागेका वादीका सन्तानलाई हुनेछ ।

शिक्षामा पनि वादी समुदायको पहुँच राम्रै कायम भएको छ। वादी समुदायमा कार्यरत गैरसरकारी संस्था सेफका अनुसार देहव्यापारबाटै जन्मेका ७५ जनाले प्रवेशिका उत्तीर्ण गरिसकेका छन्। तीमध्ये १६ स्नातक, १५ जनाले प्रमाणपत्र उत्तीर्ण र ४४ प्रमाणपत्र तहमा अध्ययनरत छन् भने २५ जनाले यसै वर्ष प्रवेशिका दिएका थिए ।

एसएलसी परीक्षाको तयारीमा रहेकी सन्नु नेपाली पनि देहव्यापार गर्ने आमाबाट जन्मेकी हुन्। आमाले कुनै बेला देहव्यापार गरेकाले उनले पनि थुप्रै दुर्व्यवहार भोग्नुपर्‍यो। तर, अहिले समाजको त्यो सोचाइमा बिस्तारै परिवर्तन हुन थालेको छ। पढाइसँगै उनले गैरसरकारी संस्था सेफको सहजकर्ताको काम पाएकी छिन्। समुदायमा परेका समस्यामाथि छलफल चलाउन सक्ने भएकी छिन् उनी। कम्प्युटरमा डिप्लोमा कोर्स पनि गर्दैछिन् उनी। "शिक्षामा पहुँच नहुनाले हाम्रो समुदाय सबैको घृणाको पात्र भयो," उनी भन्छिन्, "अब हामी त्यो गलत संस्कारलाई बदल्न लागेका छौं।"

सेफले वादीका सन्तानलाई पढाइ अगाडि बढाउन छात्रवृत्ति सहयोग गर्दै आएको छ। वादी समुदायका किशोरकिशोरीहरू विभिन्न कठिनाइ भोग्दै पढाइ अगाडि बढाउँदैछन्। सेफको बालिका शिक्षामा काम गर्ने कल्पना नेपाली वादी युवाभन्दा युवतीमा शिक्षा चाहिन्छ भन्ने चेतना जागेको बताउँदै भन्छिन्, "पढ्ने पैसा हुँदैन, सहयोग कसैले गर्दैन, त्यसैले गाह्रो छ।" पुस्तौंदेखि दबिएको वादी समुदायलाई माथि उठाउन सरकार र अन्य

*"अबको नयाँ पिँढीमा देहव्यापारको छाया पर्न दिनुहुँदैन, त्यसका लागि शिक्षामा पहुँच चाहिन्छ। वादी भएका कारण समाजले गर्ने दुर्व्यवहार र हेला अन्त्य गर्नुपर्छ।"*

*वादी युवतीहरूको शिक्षामा पहुँच पुग्न थालेपछि समाजको हेराइ र व्यवहारमा पनि परिवर्तन आएको छ। यसले वादीका धेरै छोराछोरीलाई पढ्न प्रेरणा दिएको छ। पढाइलाई निरन्तरता दिइरहेकी कविता नेपाली समाजले वादी समुदायलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तनले उत्साहित छिन्।*

गैरसरकारी संस्थाले सबैभन्दा पहिले शिक्षामा पहुँचका लागि सहयोग गर्नु जरुरी भइसकेको छ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह